# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०७।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

श्री कफल कटेश्वर प्रा.वि., छतिवन, डोटीका प्रधानाध्यापक नरबहादुर रावलले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी शिक्षक पदमा नियुक्ति लिई कार्यरत रहेकोले छानविन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज प्रधानाध्यापक नरबहादुर रावलले माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, इलाहावादबाट प्राप्त हाइस्कुल तहको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी जिल्ला शिक्षा कार्यालय, डोटीबाट प्राथमिक विद्यालयस्तर, चतुर्थ श्रेणीको शिक्षक पदमा स्थायी नियुक्ति लिएको एवं झुठ्ठा शैक्षिक प्रमाणपत्र पेश गरी पदमा बहाल रही लाभ तथा सुविधा समेत लिई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएको हुँदा निज नरबहादुर रावललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला